नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृत : ०९१, ५६०११८
प्रशासकीय अधिकृत : ०९१, ५६०८१६

टीकापुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## घाट उत्तराही, खक्रौला नाका, दहत्तर बहत्तर र ओजुवा ताल ठेक्कामा लगाउने सम्बन्धी सूचना

**(कार्यालयमा प्रथम पटक प्रकाशित मिति :- २०७६।०४।२१ गते)**

टीकापुर नगरपालिका क्षेत्र भित्र पर्ने तपसिल बमाजिमा क्षेत्रमा आ.व.२०७६/७७ का लागि आय संकलन गर्न बढाबढ प्रक्रियाद्वारा ठेक्कामा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम (रु.) | प्रस्ताव फाराम दस्तुर (रु.) | अवधि | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १३/२०७६/७७ | टिउनी सनकट्टी घाट उत्तराही ठेक्का | टी.न.पा.२ | ७,००,०००।- (सात लाख) | १,०००।- | २०७७ असार मसान्त सम्म | कबोल अंकको ५ प्रतिशत | |
| २ | १४/२०७६/७७ | खक्रौला नाकामा कवाडी बस्तु तथा अन्य सामान प्रवेश शुल्क | टी.न.पा.९ | ७,००,०००।- (सात लाख) | १,०००।- | २०७७ असार मसान्त सम्म | कबोल अंकको ५ प्रतिशत | |
| ३ | १५/२०७६/७७ | दहत्तर बहत्तर संकलन तथा विक्री सम्बन्धी ठेक्का | टीकापुर नगर क्षेत्रभित्र | २,००,०००।- ( दुई लाख) | १,०००।- | २०७७ असार मसान्त सम्म | कबोल अंकको ५ प्रतिशत | |
| ४ | १६/२०७६/७७ | ओजुवा ताल संरक्षण, संवर्द्धन तथा माछा पालन | टी.न.पा.७ | १,५०,०००।- ( एक लाख पचास हजार ) | १,०००।- | ३ वर्ष ( आ.व.२०७६/७७ देखि २०७८/७९सम्म) | कबोल अंकको ५ प्रतिशत | |

***शर्तहरु :***

१. इच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६।०५।०३ गते) कार्यालय समय सम्म यस कार्यालयको राजश्व उपशाखाबाट फराम खरिद गरी १६ औं दिन दिनको १२:०० बजे सम्म टीकापुर नगर कार्यपालिको कार्यालयमा दर्ता गर्नुपर्ने छ। उक्त सिलबन्दी बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:०० बजे देखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा टीकापुर नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ। बोलपत्रदार्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी बोलपत्र प्रस्ताव खोल्न बाधा पर्ने छैन।

२. सिलबन्दी बोलपत्र प्रस्ताव फारम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ।

३. फाराम लिंदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ.व.२०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ।

४. सिलबन्दी फारामको खाम बाहिर यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावहरुको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ।

५. प्रस्ताव कर्ताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

६. सिलबन्दी प्रस्तावको साथमा यस नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३०००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको विडवण्ड संलग्न गर्नुपर्नेछ।

७. पेश भएको सिलबन्दी बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

८. किस्ताको हकमा चलन पूर्जी लिनु अगावै कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ। साथै उक्त रकम एकमुष्ट बुझाए वापत ५ (पाँच) प्रतिशत छुट दिइनेछ।

९ . म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी फारम उपर कुनै कारवाही गरिने छैन।

१०. सम्बन्धित ठेक्काको संकलन गर्नुपर्ने दररेट बोलपत्र फारम खरिद गर्दा उपलब्ध उपलब्ध गराईनेछ

११. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ।

१२. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत